**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति २०६५ माघ ९

---

## नेपालगन्जमा घरेलु हिंसाको मुद्दामा दुईजना दोषी ठहर भएपछि पीडित तथा अन्य व्यक्तिहरू खतरामा

नेपालगन्ज ... उच्चायुक्तको कार्यालय-नेपाल बाँके जिल्ला अदालतद्वारा माघ ६ गते निर्णय गरिएको हसरुन इद्रिसीको मुद्दामा आफ्नो संलग्नतालाई लिएर पीडित, मानवअधिकार रक्षक तथा अन्यले पाएको धम्कीका रिपोर्टहरूबारे अत्यन्त चिन्तित भएको छ।

अदालतले इद्रिसीका पति तथा निजको परिवारका एक सदस्यलाई इद्रिसीलाई २०६४ कात्तिक २० गते आगो लगाएर हत्या गर्ने उद्योग गरेकोमा दोषी ठहर गरेको विषयको महत्वलाई उच्चायुक्तको कार्यालय-नेपालले ध्यानमा लिएको छ। त्यो घटनामा उनी गम्भीर रूपमा जलेकी थिइन्।

पीडित, उनको परिवार, प्रत्यक्षदर्शी, पीडितलाई प्रतिनिधित्व गर्ने वकिलहरू तथा अन्य मानवअधिकार रक्षकहरूको सुरक्षा सुनिश्चित गर्न नेपाल प्रहरी तथा प्रमुख जिल्ला अधिकारीलगायतका राज्यअधिकारीहरूलाई राष्ट्रिय कानुनअन्तर्गतका आफ्ना दायित्वहरूअनुरूप उपायहरू लिन यो कार्यालय जोडदार आग्रह गर्दछ।

इद्रिसीको घटनाले घरेलु हिंसाको गम्भीर मुद्दातर्फ ध्यानाकर्षण गराएको छ। उच्चायुक्तको कार्यालय-नेपाल अन्तर्राष्ट्रिय मापदण्डअनुसारको घरेलु हिंसासम्बन्धी सशक्त कानुनलाई प्राथमिकताका साथ पारित गर्ने कुरा सुनिश्चित गर्न सरकारलाई प्रोत्साहन गर्दछ।

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510.16922 (m) or mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 9851016937 (m) or cgurung@ohchr.org**